स्थानीय राजपत्र

# सरुमारानी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३ (बङ्गाँडा ,प्यूठान ,कार्तिक २९ गते ,२०७६ साल संख्या ८)

## भाग-२

## सरुमारानी गाउँपालिका

# स्वास्थ्य ल्यावसेवा सञ्चालन कार्यविधि २०७६

प्रस्तावना ः स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस सरुमारानी गाउँपालिकामा सामान्य स्वास्थ्य ल्यावसेवा लिन गाउँपालिका बासिहरुलाई अन्य स्थानमा गई सेवा लिन जाँदा आउदा ल्यावसेवा भन्दा बढि रकम यातायात तथा अन्य खर्च व्यहोर्नु पर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्ने उद्देश्यले यस गाउँपालिकामा सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य ल्यावसेवा सञ्चालन गर्न उपयुक्त हुने देखिएकोले यो स्वास्थ्य ल्यावसेवा सञ्चालन कार्यविधि २०७६ बनाई लागु गरिएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ**: नामः यस कार्यबिधिको नाम **"स्वास्थ्य ल्यावसेवा सञ्चालन कार्यविधिः२०७६"** रहेको छ ।

प्रारम्भः यो कार्यविधि कार्यपालिकाबाट निर्णय भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "व्यवस्थापन समिति" भन्नाले विधिवत गठन भएको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ख) "सुरक्षित मातृत्व सेवा" भन्नाले गर्भवती, प्रसुती र सुत्केरी सेवा सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले सरुमारानी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "बालबालिका" भन्नाले ५ (पाँच) बर्ष नपुगेका सबै बालबालिका सम्झनु पर्छ ।

(ङ) "जेस्ठ नागरिक" भन्नाले ६० (साठी) बर्ष पुरा गरेका सबै नेपाली नागरिक सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले सरुमारानी गाउँकार्यपालिका सम्झनु पर्छ ।

(छ) "महिला स्वास्थ्य स्वयं. सेविका भन्नाले स्वास्थ्य सेवामा कार्यरत स्वयं.सेविकाकाहरु सम्झनु पर्छ ।

(ज) "पूर्ण अशक्त तथा अति अशक्त अपांग" भन्नाले नेपाल सरकारले वर्गिकरण गरेका (क) वर्ग तथा (ख) वर्ग भएका अपांगहरु सम्झनु पर्छ ।

## परिच्छेद २
## स्वास्थ्य ल्यावसेवा ब्यवस्थापन

**३.रकम ब्यवस्थापन** :

गाउँपलिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने बार्षिक खर्च रकम अनुमान गरी नियमानुसार आवस्यक रकमको ब्यवस्थापन गर्ने छ ।

**४.स्वास्थ्य ल्यावसेवा सञ्चालन प्रकृया :**

गाउँपालिकाले यस गाउँपालिकामा देहाय बमोजिम स्वास्थ्य ल्यावसेवा सञ्चालन गर्नेछः

(क) यस गाउँपालिकामा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरुमा गाउँपालिकाले गाउँपालिकाको आवस्यकता र क्षमताको आधारमा स्वास्थ्य ल्यावसेवा सञ्चालन गर्नेछ ।

(ख) गाउँपालिकाले संघिय तथा प्रदेश सरकार सँग समन्वय गरी आंशिक वा पुर्ण सहयोगमा पनि स्वास्थ्य संस्थामा स्वास्थ्य ल्यावसेवा सञ्चालन गर्नेछ ।

(ग) गाउँपालिकामा गाउँपालिका, संघ वा प्रदेश सरकारबाट सञ्चालित स्वास्थ्य ल्यावसेवा सञ्चालनका लागि आवस्यक पर्ने प्राविधिक (ल्याव असिस्टेन्ट/टेक्नीसियन) ल्याव उपकरण, सामाग्री तथा रिएजेन्ट र केमिकलहरु गाउँपालिकाबाट उपलब्ध गराउने गरी व्यवस्थापन गर्नेछ ।

(घ आपुर्ति प्रकृया बमोजिम केहि ल्याव उपकरण, सामाग्री तथा रिएजेन्ट र केमिकलहरु सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले आफै पनि व्यवस्थापन गर्न सक्नेछन् ।

## परिच्छेद ३
## सेवा शुल्क सम्बन्धी व्यवस्था :

**५.सेवा शुल्क :**

यस गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य ल्याव सेवाको सेवा शुल्क देहाय बमोजिम हुनेछ :

(क) जेष्ठ नागरिक, बालबालिका, महिला स्वास्थ्य स्वयं. सेविकाहरु, पूर्ण अशक्त (वर्ग क) तथा अति अशक्त (वर्ग ख) भएका अपांगहरु र सुरक्षित मातृत्व सेवाको लागि गरिने परिक्षण निःशुल्क हुनेछ ।

(ख) जनस्वास्थ्य कार्यक्रमगत परिक्षण जस्तै क्षयरोग, कुष्ठरोग, औलो, डेंगु आदि परिक्षण निःशुल्क हुनेछ ।
(ग) गाउँ कार्यपालिका वा व्यवस्थापन समितिले उपयूक्त ठानेका अन्य परिक्षणहरु पनि निःशुल्क गर्न सक्नेछ ।
माथि क, ख, ग मा उल्लेखित सेवा परिक्षण बाहेकका परिक्षणहरुको सेवा शुल्क निर्धारण सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले गाउँपालिकाको समन्वयमा गर्नेछ ।
(ङ) ल्यावसेवा शुल्कबाट भएको सम्पुर्ण आम्दानी सम्बन्धित स्वास्थ्य संस्थाको बैक खातामा जम्मा गरी आर्थिक नियमानुसार सम्बन्धित स्वास्थ्य संस्थाले नै ल्याव सामग्री आपुर्ति, रिपोर्ट छपाई, तथा ल्याव सम्बन्धि कामलाई प्राथमिकता दिई खर्च गर्न सकिनेछ ।

**प्रमाणीकरण र जारीः**
प्रमाणीकरण गर्नेको सहिः
नाम, थरः
पद/दर्जाः
मितिः